स.वि.द.नं.: ३१०/०४९/०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

च.नं. २२५/०७७/०७८

मितिः २०७७/०९/०६

श्री सम्पूर्ण सदस्य संघहरू

**विषयः २८ औं वार्षिक साधारण सभामा भाग लिने सम्बन्धमा।**

यस महासंघको मिति २०७७ पौष २ गते बसेको १९३ औं संचालक समितिको वैठकको निर्णयानुसार महासंघको २८ औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गर्नको लागि नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालना गरी भौतिक रूपमा तथा महासंघको "भर्चुअल साधारण सभा संचालन कार्यविधि-२०७७" अनुरूप अभौतिक (भर्चुअल) रूपमा दुवै माध्यमबाट बस्ने भएको हुँदा त्यस संघ/बैंकका राष्ट्रिय प्रतिनिधिलाई उपस्थित गराईदिन हुन अनुरोध गर्दछौं।

साथै, महासंघको विनियम २०५० (संशोधन सहित) को उपनियम १२ (१) मा प्रत्येक सदस्यले सदस्यता शुल्क वापत वार्षिक रू ५,०००/- बुझाउनुपर्ने व्यवस्था भएको र सो वार्षिक सदस्यता शुल्क बुझाउँदा अनिवार्य रूपमा वार्षिक लेखापरिक्षण प्रतिवेदन बुझाउनुपर्ने भएको हुँदा उक्त शुल्क नबुझाएको भए अविलम्ब आ.व. २०७७/७८ सम्मको सदस्य शुल्क सहित लेखापरिक्षण प्रतिवेदन समेत बुझाउनु हुन अनुरोध छ।

**सभा बस्नेः**

मिति : २०७७ पौष २७ गते
समय : विहान ११:०० वजेदेखि
स्थान : राष्ट्रिय सहकारी महासंघको सभाहल
पुल्चोक, ललितपुर (भौतिक तथा अभौतिक (भर्चुअल) दुवै माध्यमबाट)

**छलफलका विषयहरू**

१) संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षज्यूको वार्षिक प्रतिवेदन पारित गर्ने।
२) लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने।
३) आ.ब. २०७६/७७ को आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिको नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वार्षिक लेखा परिक्षण प्रतिवेदन छलफल गरी अनुमोदन गर्ने।
४) आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने।
५) आन्तरिक कार्यविधिहरू संशोधन तथा पारित गर्ने।
६) आ.व. २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।
७) विभिन्न कोषका रकम जगेडा कोषमा सार्ने।
८) साधारण सभाको निर्णयहरू प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने।
९) विविध।

**साधारण सभा सम्बन्धी व्यवस्थाः**

१. साधारण सभामा भाग लिने राष्ट्रिय प्रतिनिधिहरूले आ-आफ्नो संघबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्र र महासंघको वेवसाईट www.ncfnepal.com.np मा राखिएको **"राष्ट्रिय प्रतिनिधि विवरण फारम"** भरी २०७७ पौष २४ गतेसम्ममा महासंघको इमेल agmncf@gmail.com मार्फत पठाउनु पर्नेछ।
२. साधारण सभाको कार्यसूची सहित वार्षिक प्रतिवेदन महासंघको वेवसाईट www.ncfnepal.com.np मा २०७७ पौष १२ गतेपश्चात हेर्न तथा Download गर्न सकिने छ। साथै भौतिक रुपमा उपस्थित हुनेहरुका लागि उक्त प्रतिवेदन महासंघबाट प्राप्त गर्न सकिनेछ।
३. आधिकारिक राष्ट्रिय प्रतिनिधिलाई साधारण सभामा अभौतिक (भर्चुअल) माध्यमबाट सहभागी हुनको लागि Online Meeting ID को लिंक महासंघबाट उपलब्ध गराइनेछ।
४. प्रतिवेदनमा लिखित सुझाव पेश गर्न इच्छुक राष्ट्रिय प्रतिनिधिले महासंघको वेवसाईट www.ncfnepal.com.np मा राखिएको **"साधारण सभा सम्बन्धी राष्ट्रिय प्रतिनिधिको सुझाव फारम"** भरी मिति २०७७ पौष २४ गतेभित्र इमेल agmncf@gmail.com मार्फत पठाउनु पर्नेछ।

निरन्तर सहयोग र सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन!

निर्देशानुसार,

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np